KVM Research Journal
Multidisciplinary Peer Reviewed, Journal
ISSN : 2976-1301

# वैदेशिक सहायता : अवसर, चुनौती र समाधानका दृष्टि

*Article History:*
*Received: 2025-12-19*
*Revised: 2026-02-24*
*Accepted: 2026-03-31*

**केशव बहादुर विष्ट**
उप प्राध्यापक
कञ्चन विद्या मन्दिर सामुदायिक कलेज
bkeshabbahadur@gmail.com
ORCID No.: 0009-0009-6292-4392

**सार**
विकासोन्मुख राष्ट्रहरूको विकासका लागि वैदेशिक सहयोग महत्वपूर्ण श्रोत हो । प्राकृतिक सम्पदाले भरिपूर्ण हाम्रो जस्तो मुलुकहरूले पूँजीगत श्रोतको अभावले त्यसको समुचित विदोहन गर्न सकेका छैनन्, त्यसैले विकासोन्मुख राष्ट्रहरूको लागि गरिबी तथा पछ्यौटेपनबाट मुक्ति पाउनको लागि वैदेशिक सहयोगको उच्च उपयोगिता रहेको हुन्छ । यसको उच्चतम उपयोगद्वारा देशलाई आत्मनिर्भर बनाउन तथा उच्च आर्थिक बृद्धि दर हासिल गर्न हङकङ, ताइवान, दक्षिण अफ्रिकाले उदाहरणीय उपलब्धी हासिल गरी वैदेशिक सहयोग नचाहिने गरी अर्थतन्त्र बलियो बनाएका छन् । तर यसको विवेकपूर्ण उपयोग गरिएन भने राष्ट्रोत्थान त हुँदैन बरु वैदेशिक अनावश्यक हस्तक्षेप समेत हुने गर्दछ । यस अध्ययनले नेपालमा वैदेशिक सहयोगका उद्देश्य तथा समस्याहरूको विश्लेषण र समाधानका उपायहरूको खोज गर्ने अभिष्ट राखेको छ ।

**परिचय**
वैदेशिक सहयोग भनेको एक देशबाट अर्को देशमा साधन श्रोतहरूको स्वेच्छिक हस्तान्तरण हो । विशेष गरेर विकसित राष्ट्रहरूबाट कम विकसित राष्ट्र बाहेक बहुराष्ट्रिय निकायहरूद्वारा प्रदान गरेको सहयोगलाई समेत वैदेशिक सहयोग जनाउँदछ । वैदेशिक सहयोग प्राविधिक, मानवीय तथा वस्तु समेत हुनसक्छ । विशेषगरी वैदेशिक सहयोगले आर्थिक सहायता, प्राविधिक सहयोग र सैनिक सहयोगलाई जनाउँछ । यस किसिमको सहयोग विकसित राष्ट्रहरूले अल्पविकसित राष्ट्रहरूलाई संकटकालमा उद्धार, पुनःस्थापना,, आर्थिक विकास तथा आत्मनिर्भर, दोहोरो लाभ र सुरक्षाको लागि प्रदान गरिन्छ । यसको लक्ष्य कुटनीतिक सम्बन्ध विकास तथा विस्तार, व्यापारिक सम्बन्ध विकास तथा विस्तार, विकास कार्यमा सहयोग, कल्याणकारी राज्यको स्थापना गर्नु रहेको हुन्छ । यसलाई अन्तर्राष्ट्रिय सहायता समेत भनिन्छ । वैदेशिक सहयोगलाई विशेषगरी उपहार तथा अनुदान, विकास सहायता तथा द्विपक्षीय बहुपक्षीय सहयोगको रुपमा तीन किसिमको वर्गीकरण गरिन्छ । उपहार तथा अनुदान एक देशले अर्कोलाई सम्बन्ध बिस्तारको लागि फिर्ता नलिने गरी सहयोग गर्दछ । द्विपक्षीय सहयोग भनेको एक राष्ट्रले अर्को राष्ट्रलाई सरकारहरूको सम्झौताद्वारा र बहुपक्षीय सहयोग भन्नाले एक राष्ट्रको सरकार र युनिसेफ, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष आदिको बीच सम्झौताद्वारा गरिने सहयोग हो । विकास सहायता भन्नाले गरिब मुलुकहरू, जसलाई तेस्रो

विश्व भनिन्छ ती मुलुकहरूको अर्थतन्त्रमा सुधार गरी विश्व अर्थतन्त्रमा सुधार गर्ने रणनीतिक उद्देश्यले अन्तर्राष्ट्रिय सहायता एजेन्सी, विश्व बैंक इत्यादिले गर्ने सहयोगलाई जनाउँदछ ।

**पृष्ठभूमि**

दोस्रो विश्वयुद्ध पश्चात विश्वका अनेक राष्ट्रहरू युद्ध पीडित थिए र सन् १९४७ पछि अमेरिकाले यस्ता र ाष्ट्रहरूको पुनर्निर्माणका लागि मार्शल प्लानको नाउँमा सञ्चालन गरिएको वैदेशिक सहायताको आज विभिन्न रुपले प्रयोग भइराखेको छ । विश्वका विकासोन्मुख, अविकसित तथा विकसित सबै राष्ट्रहरूमा व्यापकरुपले अनेक प्रयोजनले वैदेशिक सहयोगको उपयोग भइराखेको छ । प्रारम्भमा वैदेशिक सहायता द्विपक्षीय हुने गर्दथे तर आज बहुपक्षीय सहायता बढ्दै गएको छ । बहुपक्षीय स्रोतको रुपमा प्र ाविधिक सहायता र सहुलियतपूर्ण ऋृण उपलब्ध गराउने उद्देश्यले विश्व बैंक, अन्तर्राष्ट्रिय वित्तीय कोष इत्यादि संस्थाहरूको स्थापना र सञ्चालन भएको छ ।

नेपालमा वैदेशिक सहायता भिन्न परिस्थितिहरूमा प्रारम्भ भयो यो सैनिक सहयोग तथा शासन सञ्चालनार्थ राणाकालमा तत्कालीन सरकार प्रमुखहरूलाई भेटी स्वरुप प्राप्त हुन्थ्यो त्यसको सम्बन्ध विकाससँग थिएन । नेपालमा वैदेशिक सहायताको वास्तविक प्रारम्भ २००७ सालपछि नै भएको हो त्यो भन्दा पहिले नेपालको वै देशिक सम्बन्ध ब्रिटिश इण्डिया र तिब्बत चीनसँग मात्र थियो विशेषगरी २०१२ मा संयुक्त राष्ट्र संघ तथा कोलम्बो प्लानको सदस्यता हासिल गरेपछि मात्र वैदेशिक सहायता नेपालमा प्राप्त हुन थाल्यो । २०१ ३ सालमा पहिलो पञ्चवर्षीय योजना बन्दा त्यसको महत्वपूर्ण हिस्सा लगभग ५६.०७% वैदेशिक सहायता थियो ।

वर्तमान विश्व परिप्रेक्ष्यमा नेपाल लगायत विकासोन्मुख राष्ट्रहरू विकासका लागि वैदेशिक सहायतामा निर्भर छन् । विकासोन्मुख राष्ट्रहरूले आर्थिक विकास राष्ट्रनिर्माण तथा औद्योगिक उन्नतिका लागि जटिल संघर्षको सामना गरिराखेका हुन्छन् । यी राष्ट्रहरूमा वैदेशिक सहायताले दीगो आर्थिक विकासले मुलुकको आत्मनिर्भर ताका लागि महत्वपूर्ण भूमिका खेलिराखेको हुन्छ । दीगो आर्थिक विकासका लागि पूर्वाधार विकास तथा गरि बी उन्मूलन आवश्यक छ । यसका लागि अन्तर्राष्ट्रिय संघसंस्था तथा मित्रराष्ट्रहरू श्रोत साधन, प्र विधिलाई सहयोगको माध्यमको रुपमा प्रदान गर्दै आएका छन् । तथापि प्राकृतिक संसाधन तथा भौतिक श्रोतहरूको समुचित उपयोग गर्न नसकेर व्यापक गरिबी तथा न्यून जीवनस्तर निर्वाह गर्न हामी बाध्य छौं । २०१३ सालदेखि थालिएको योजनाबद्ध विकासले पनि आर्थिक रुपले आत्मनिर्भरतालाई बढाउन नसकेको स्थिति छ । हालसम्म सञ्चालन भएका सबै योजनाहरूमा वैदेशिक सहायताको महत्वपूर्ण योगदान रहेको छ । प्रथमदेखि पन्ध्रौं योजनासम्म केही योजनाहरूको वित्तीय श्रोतमा विदेशी सहायताको अंश निम्नानुसार पाइन्छ ।

**नेपालका योजनाहरूमा वैदेशिक सहयोगको योगदान**

| आवधिक योजना | आर्थिक सहयोग रु. करोडमा | विदेशी सहायताको प्रतिशत |
|---|---|---|
| प्रथम योजना (२०१३-०१८) | १८.५ | ५६.०७% |
| चतुर्थ योजना (२०२७-०३२) | १४९० | ५८% |
| छैठौ योजना (२०३७-०४२) | १३३६ | ६१% |
| सातौं योजना (२०४२-०४७) | २०४८ | ७०.६% |
| आठौं योजना (२०४९-०५४) | ७४३५.५ | ६५.५% |
| नवौं योजना (२०५४-०५९) | ११९५४.६ | ५८.८% |
| दशौं योजना (२०५९-०६४) | १३४६२ | २१% |
| पन्धौं योजना (२०७६-०८१) | १७१४५६ | १७.२१% |

स्रोतः आवधिक योजनाहरूको सारांश र समीक्षा, २०७६

यस प्रकार विदेशी सहायता नेपालको योजनाबद्ध विकासको ठूलो श्रोतको रुपमा रहेको छ । यसमा निर्भरता क्रमशः कम गर्दै आत्मनिभरता बृद्धि गर्नु नेपालको भू-राजनीतिक अवस्थाले पनि उपयुक्त देखिन्छ ।

**उद्देश्य :**

क) वैदेशिक सहायताका उद्देश्यहरूको पहिचान गर्नु,

ख) वैदेशिक सहायताको चुनौतीहरूको पहिचान गर्नु,

ग) वैदेशिक सहायताको समस्या समाधानार्थ उपयायहरूको खोज गर्नु ।

**अध्ययन विधि**

यो अध्ययन गुणात्मक विधिद्वारा विश्लेषण गरिएको छ । सम्पूर्ण तथ्याङ्कहरू द्वितीयक तथ्याङ्क प्रयोग गरि एका छन् ।

**विश्लेषण**

यस अध्ययनले वैदेशिक सहायताको समग्र उद्देश्यको विश्लेषण नेपालमा उद्देश्य प्राप्तिका चुनौ ती र समस्याहरूको समाधानका उपायहरूको खोज गर्नु हो । त्यसैले यस अध्ययनमा तीनवटै पक्षको अलग-अलग विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयत्न गरेको छ । वैदेशिक सहायता प्राप्त गर्ने ९च्भअष्उष्भलत० मुलुकको आफ्नो किसिमका उद्देश्य हुन्छन् भने सहायता लिने ९म्यलयच० को आफ्नो उद्देश्यहरू हुन्छन् । सामान्यतया विश्वका विकसित राष्ट्रहरूले आफ्नो राष्ट्रिय लाभांशको निश्चित भाग अनुदान, ऋण इत्यादिको रुपमा गरिब राष्ट्रहरू अर्थात अविकसित तथा विकासोन्मुख राष्ट्रहरूलाई सहायता प्रदान गर्दछन् । वर्तमान युगमा यातायात तथा सञ्चारको विकासले विश्वलाई सानो गाउँ जस्तो बनाएको

छ । अर्थात् विश्वग्रामको अवधारणा विकास भएको छ । विश्वको कुनै एक राष्ट्रमा भएको गरिबी तथा पछौटेपनले विकसित राष्ट्रहरूलाई समेच चुनौती उत्पन्न गर्न सक्छ । त्यसैले धनी मुलुक पिछडिएका मुलुकको विकासका लागि सहयोग उपलब्ध गराउँछन् ।

सहयोग प्राप्त गर्ने राष्ट्रको उद्देश्य समय र परिस्थिति अनुरुप परिवर्तन हुने गर्दछ सामान्यतया वैदेशिक सहायताको उद्देश्य गरिब राष्ट्र तथा विकासोन्मुख राष्ट्रहरूले समग्र आर्थिक बृद्धिदरमा तीव्रता ल्याई लोक कल्याणकारी राज्यको स्थापना गर्नु हुन्छ । जसको लागि विशेषगरी पूर्वाधारको विकास, जनशक्ति विकास तथा समग्र सामाजिक क्षेत्रको विकासका लागि आफ्नो देशमा साधन श्रोतको अभाव भए वैदेशिक सहायताको उपयोग गरिन्छ । तर प्राकृतिक विपत्ति बेहोरी राखेका मुलुकहरू मधये विपदा उत्पन्न समस्या समाधान गर्ने उद्देश्यले पनि वैदेशिक सहायताको अपेक्षा गर्दछन् ।

आर्थिक विकासको बढ्दो आवश्यकता न्यून गार्हस्थ वचत, न्यून पूँजी निर्माण, कमजोर मानवीय तथा भौतिक संसाधनको अवस्था, व्यवस्थापकीय क्षमता तथा दक्षताको कमी, न्यून राजश्व परिचालन निर्यातजन्य आयको अस्थिरताका समस्याका कारण विकासको प्रारम्भिक चरणमा विदेशी सहायताद्वारा नपुग हुने जति आयश्रोत परिपूर्ति गरी देशको आर्थिक विकास गर्ने तथा देशलाई आत्मनिर्भर बनाई वैदेशिक सहायता अनावश्यक नपर्ने स्थितिमा देशलाई पुर्‍याउनु नै सहायता प्राप्त गर्ने मुलुकको उद्देश्य हुन्छ । यही उद्देश्य प्राप्तिका लागि साधारणतया विकास कार्यमा कम परेको खर्च जुटाउन राष्ट्रिय वचत बढाई पूँजी निर्माण गर्नमा वैदेशिक मुद्राको सञ्चिती बढाउन, भुक्तानी सन्तुलन कायम गर्नमा वैदेशिक प्रविधि भित्र्याउन सघाउ पुर्‍याउने उद्देश्यले वैदेशिक सहायता लिइने गरिन्छ । "वैदेशिक सहयोगले आर्थिक बृद्धिदरमा तथा आर्थिक सामाजिक क्षेत्रको विकसमा बढी दरले सकारात्मक प्रभाव पार्न सकोस् भन्ने नै यस स्रोतको उद्देश्य हुनुपर्दछ ।"

गरिबतम् मुलुक तथा विकासशील राष्ट्रहरूले विदेशी सहयोगलाई आर्थिक विकासको लागि बाह्य पूँजी अन्तर परिपूर्ति गर्ने उद्देश्यले लिएका छन् भने विकसित तथा दाता राष्ट्रहरूले यसलाई अन्तर्राष्ट्रिय सम्बन्ध र वैदेशिक नीतिको अभिन्न अंगको रुपमा स्वीकार्दै आएका छन् । सन् १९९० दशकको पूर्वार्द्धसम्मको अनुभवलाई हेर्दा सामान्यतया दाताहरूले सहायता प्रदान गर्दा आर्थिक र राजनीतिक दोहोरो शर्तहरू राख्ने गर्दथे । विशेषगरी राजनीतिक शर्तहरूमा नागरिक अधिकार, प्रजातान्त्रिक शासन प्रणाली, कानूनी राज्य, विकेन्द्रकरण, जनसहभागिता, पारदर्शिता, उत्तरदायी नेतृत्व आदिका लागि अलिखित वा परोक्ष रुपले चासो राख्ने गरेको पाइन्छ भने आर्थिक नीतिहरूमा परिमार्जन बजार अर्थव्यवस्थाको सुदृढीकरण आदि पर्दछन् । तर वर्तमान बदलिदो अन्तर्राष्ट्रिय परिस्थिति अनुसार दाता राष्ट्रहरूले आफ्नो निहित राष्ट्रिय आर्थिक लाभको स्वार्थको अनुकूल आफ्नो उत्पादन र सेवाको विस्तार गर्ने आफ्नो जनशक्तिलाई रोजगार प्रदान गर्ने, आफ्नो राजनैतिक प्रभाव क्षेत्र बढाउने साथै अन्य विभिन्न परोक्ष अपरोक्ष लाभहरू प्राप्त गर्ने उद्देश्यले सहयोग गरी राखेका छन् । नेपालको सन्दर्भमा दुई ठूला शक्तिशाली देशहरूको बीचमा रहेको कमजोर आर्थिक ढाँचा तथा संवेदनशील तथा तरल राजनीतिक अवस्था भएको वर्तमान समयमा

दाताहरू यसको राजनीतिक आर्थिक स्थिरता तथा सुधारका लागि सहायता प्रदान गरिराखेका भए पनि चीन तथा भारतका आ-आफ्नै चासोहरू रहेका छन् । नेपालको चीनको सहयोग प्राप्त गर्न तिब्बतलाई नेपालले चीनको आँखाले हेर्नुपर्दछ भने भारतसँग सहयोग प्राप्त गर्न भारतको सुरक्षा चासोलाई सम्बोधन गर्नुपने हुन्छ । अमेरिकाले सहयोग दिन नेपाललाई उत्तर र दक्षिणलाई सन्तुलन गर्न र उसका भविष्यका सम्भावित प्रतिद्वन्द्वीहरूलाई तह लगाउन नेपाललाई सामरिक रुपमा उपयोग गर्ने भित्री उद्देश्य छ । तर प्रत्यक्ष रुपले उपरोक्त तथ्यहरू दाता राष्ट्रहरूले प्रकट गर्दैनन् । उनीहरूले मानव अधिकारको ग्यारेन्टी र ाजनीतिक स्वतन्त्रताको प्रत्याभूति गर्न एवं शान्ति तथा स्थिरता कायम गर्ने उद्देश्यले सहायता प्रदान गने गरेको पाइन्छ ।

वैदेशिक सहयोगले सकारात्मक परिणाम ल्याउने गरी श्रोत हस्तान्तरण तथा परिचालन त्यो अवस्थामा मात्र हुनसक्छ जब सहायता प्राप्त गर्ने मुलुकको उद्देश्य प्राथमिकता तथा नीतिहरूसँग दाता राष्ट्रहरू पनि सहमत हुन्छन् । सहयोग प्राप्त गर्ने मुलुकले आफ्नो विकासको स्पष्ट नीति उद्देश्य प्राथमिकता किटान गरी देशभित्र सर्वसम्मति कायम गरी दाताहरूसँग त्यस किसिमको सहयोगको लागि अपेक्षा गर्न सकिन्छ भने अको तर्फ त्यस किसिमको सहयोग गर्ने मुलुकहरूसँग मात्र तालमेल गरी सहयोग स्वीकार गर्नुपर्दछ । यस किसिमले दुवै पक्षको उद्देश्य तथा प्राथमिकता सामञ्जस्यता आएमा मात्र वाञ्छित सफलता प्राप्त गर्न सकिन्छ तर व्यवहारमा यस किसिमको सहयोग कल्पना सैद्धान्तिक रुपले मात्र गर्न सकिने अवस्था छ । सामान्तया सहयोग प्राप्त गर्ने मुलुकहरूको कमजोर अर्थतन्त्रको कारण दाताहरूले जे जस्तो सहयोग दिन्छन् त्यो स्वीकार्ने गर्दछन् । नेपालको परिप्रेक्ष्यमा वैदेशिक सहयोगको रुपमा अनेक किसिमका हस्तक्षेप हुन थालेका छन् । दाताहरू सरकार मार्फत विकास कार्यमा सहभागी हुनुका सट्टा स्वयम् जिल्ला जिल्लामा, गाउँ गाउँमा सहयोग पुऱ्याउँदैछन् जसले दीर्घकालीन रुपले नकारात्मक प्रभाव नै ल्याउने छ । तैपनि दाताले सहयोग गरे वापत केही अपेक्षा राख्दछ । त्यसैले सहयोग प्राप्त गर्ने राष्ट्रहरूले आफूले प्राप्त गर्न सक्ने लाभहरू, आवश्यकताको परिपूर्ति तथा श्रोतको उपादेयताको हिसाब गरी दाताको अपेक्षा पूरा गर्दा आफ्नो राष्ट्रले प्राप्त गर्ने लाभहरू नै बढी देखिन्छन् भने त्यस्तो सहयोगलाई मात्र स्वीकार गर्नु पर्दछ । अन्यथा जे विदेशीले प्रदान गर्दछन् त्यसै किसिमको सहयोग स्वीकार गर्ने हो भने त्यसले न सहयोग प्राप्त गर्ने राष्ट्रलाई फाइदा गर्दछ न प्रदान गर्ने राष्ट्रहरूले सहयोग प्राप्त गर्ने मुलुकका जनताबाट सद्भाव प्राप्त गर्न सक्छन् ।

## वैदेशिक सहयोगका चुनौती

हाम्रो जस्तो विकासोन्मुख राष्ट्र जसको प्राकृतिक साधनलाई सदुपयोग गर्न वैदेशिक सहयोगको महत्वपूर्ण भूमिका रहन्छ, जसले देशको समुन्नति तथा आत्मनिर्भरता वृद्धि गरी जनताको जीवनस्तरमा उल्लेखनीय प्रगति गर्न सक्छ । तर सहयोगको सही परिचालन तथा दाताको सही नियत माथि सहयोग प्राप्त गर्ने देशको प्रगति निर्भर गर्दछ । यही पृष्ठभूमिमा वैदेशिक सहयोगका कठिनाइहरूलाई विश्लेषण

गर्दा आर्थिक, राजनैतिक, सामाजिक तथा प्रशासनिक अनेक समस्याहरूले वैदेशिक सहयोगको सही उपयोगमा बाधाहरू उत्पन्न भएका पाइन्छन् । 'दाता राष्ट्रहरूको विकास नीति प्राथमिकता, आर्थिक वर्षको नियमहरूको प्रतिबद्धता, योजना प्रक्रिया वितरण अनुगमन तथा लेखापरीक्षण विधि प्राप्त गर्ने मुलुकको भन्दा फरक भएमा समस्या त्यहीँबाट उत्पन्न हुन्छ ।' यस किसिमका समस्याहरूलाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ ।

कुनै पनि देशको सर्वाङ्गीण विकास राजनैतिक नेतृत्वसँग सम्बन्धित हुन्छ । सबल राजनैतिक नेतृत्वको केही निश्चित आधार छन् । नेतृत्व, निःस्वार्थी हुनु, सक्षम हुनु, जनताको आकांक्षा बुझ्न सक्नु, राष्ट्रिय आवश्यकता बुझ्नु, विश्व समुदायसँग राम्रो सम्बन्ध विकास गर्न सक्नु, इत्यादि राम्रो नेतृत्वका गुणहरू हुन् । केही गरिबतम् मुलुकहरू पनि यस किसिमको कुशल नेतृत्व पाए केही दशकमा नै देशको मुहार फेरेको उदाहरणहरू हाम्रा सामु छन् । दक्षिण अफ्रिका, सिङ्गापुर यस्तै उदाहरण हुन् । नेपालको परिप्रेक्ष्यमा अध्ययन गर्दा २००७ साल पहिले जहाँनिया शासन थियो । नेताहरूले जनताको सामु नेतृत्वको कसीमा प्रत्यक्ष परीक्षा दिनु पर्दैनथ्यो । राणाहरूमध्ये पनि प्रधानमन्त्रीकै जहानको अर्को प्रधानमन्त्री हुन्थ्यो भने २००७ सालदेखि २०१७ सालसम्म राजनैतिक अस्थिरताले नेतृत्वको विकास हुन पाएन । २०१७ देखि २०४६ सालसम्म शासन स्थिर भए पनि शाही शासनमा राजाको प्रत्यक्ष नेतृत्व थियो तर चाकरहरू मात्र शासनका सम्वाहक थिए । त्यसैले निःस्वार्थ राजनैतिक नेतृत्व विकास हुन सकेन । २०४६ सालमा बहुदलीय प्रजातन्त्रको स्थापना भए पनि राजनैतिक स्थिरताको अभावले सही नेतृत्वकोविकास हुन पाएन । राजाले फेरी प्रत्यक्ष शासनको प्रयास गरे तर असफल हुँदा गणतन्त्र सथापना भयो । २०६२ सालपछि पनि आशातीत नेतृत्वको सम्भावना फेरी पनि देखिएका छैनन् । फलतः पर्याप्त वैदेशिक सहयोग आइराखेको भए पनि सही उपयोगको समस्या रहेको छ ।

कुनै पनि देशको आर्थिक विकासको प्रमुख निर्धारक, आर्थिक नीतिहरू देशको आवश्यकता अनुसार निर्माण गरी कार्यान्वयन गरिनु अपरिहार्य हुन्छ । नेपालमा २०१३ सालदेखि योजनाबद्ध विकास प्रारम्भ भयो तर योजनाहरू निर्माण गर्दा स्थानीय आवश्यकता अनुसार निर्माण गर्न बलियो विकेन्द्रीकरण थियो । सम्पूर्ण अधिकारहरू केन्द्रबाट नियन्त्रित थिए । फलस्वरुप योजनाहरू पनि केन्द्रबाट नै निर्णय हुने गर्दथे । त्यसैले ती योजनाहरूमा जनआकांक्षा प्रतिविम्बित भएको पाइदैन । २०४६ सालपछि विकेन्द्रीकरणको नीतिलाई लागु गर्न नीतिहरू तर्जुमा गरिए । त्यसैले आठौं योजनामा स्पष्ट उल्लेख गरिएको छ । 'यस विकेन्द्रीकरणको व्यवस्थालाई सर्वसाधारण जनतालाई आफ्नो विकासको लागि आफैले आफ्नो स्थलगत विविधताको आधारमा निर्णय गर्ने आधार प्रदान गर्नेछ ।' तर विकेन्द्रीकरणलाई जुन स्तरसम्म व्यवहारमा उतार्न सक्नु पर्दथ्यो त्यो सकिएन । फलस्वरुप विकेन्द्रीकरणको नीतिहरूलाई प्रदर्शित गरी प्रशस्त विदेशी सहयोग त प्राप्त गर्न सकियो तर त्यसको सही उपयोग गर्न सकिएन । देश संघीयतामा गएपछि सातवटा प्रदेश सरकार सञ्चालन गर्न ठूलो पूँजीको आवश्यकता एकातिर छ भने प्रदेश सरकार हरूद्वारा गरिने पूँजीगत खर्च समेत आर्थिक उपादेयताको प्रश्नको घेराभित्र छ । यस्तै किसिमले अर्को तर्फ र

ाष्ट्रिय आवश्यकताको सही रुपमा पहिचान गर्न र त्यसै अनुरुप योजना आयोजनाहरूको लागि वैदेशिक सहयोग जुटाउने या स्वीकार्ने प्रवृत्तिको विकास गर्न सकिएको छैन । सम्भाव्यता अध्ययन गर्ने र लागत लाभ विश्लेषण गर्ने त्यसैको अनुशासन एवम् मर्यादाभित्र योजनातर्जुमा गर्ने कार्य गर्न सकिएको छैन । त्यसैले कतिपय योजनाहरू कार्यान्वयन भएर पनि प्रतिफल जनताले सहीरुपमा प्राप्त गर्न सकेका छैनन् । साथै विश्व बैंक र अन्त दातृ सङ्ख्याहरूको सुझावले स्थापना गरिएका अनुगमन तथा मूल्यांकन एकाई पनि संस्थागत विकासको अभावले गर्दा योजनाको प्रगतिको मूल्यांकन तथा अनुगमन राम्ररी हुन सकेको छैन । यसप्रकार वैदेशिक सहयोगको सार्थक प्रयोगको लागि आर्थिक पक्षको अध्ययन गर्दा केही समस्या निम्नानुसार देखिन्छन् ।

- योजना वा कार्यक्रम छनोट गर्ने तरिका आर्थिक सिद्धान्त प्रतिकूल हुनु
- जस्तोसुकै सहयोग पनि स्वीकार्ने प्रवृत्ति हुनु ।
- योजनामा जनआकांक्षा प्रतिविम्बित नहुनु ।
- योजना कार्यान्वयन, मूल्यांकन गर्ने आधारहरूको संस्थागत विकास नहुनु ।
- दातृराष्ट्र तथा संस्थाको हस्तक्षेप ।

प्रशासन यन्त्रलाई स्थायी सरकार पनि भनिन्छ । राजनैतिक रुपले सरकार परिवर्तन भए पनि देशका दीर्घकालीन स्वार्थ अनुरुप निर्माण भएका योजनाहरूको सार्थक कार्यान्वयनमा प्रशासन यन्त्रको सबैभन्दा महत्वपूर्ण योगदान रहेको हुन्छ । खासगरी सरकारलाई राष्ट्रिय आवश्यकताका सवालमा ती आवश्यकता पूरा गर्न व्यावहारिक परामर्श दिई स्वस्थ नीति निर्माण गर्नमा सघाउ पुऱ्याउने कार्य गर्ने र यसरी निर्माण भएका नीतिहरूलाई मुलुकको संविधान र कानुनको मर्यादाभित्र रही कार्यान्वयन गरी सर्वसाधारण जनतालाई आवश्यक सेवा सुविधा प्रदान गर्ने सहयोगी निकायको रुपमा प्रशासन यन्त्रले निर्णायक भूमिका खेल्दछ र जसले योजनाहरू सहीरुपमा कार्यान्वयन हुने र प्रतिफलदायी हुन्छन् । यस सन्दर्भमा हाम्रो प्रशासन यन्त्रको अध्ययन गर्दा यसले अपेक्षाकृत गतिशीलता, प्रभावकारिता र दक्षता हासिल गर्न नसकेको तथा कतिपय मामिलामा उदासीन तथा भ्रष्ट भएको पनि पाइन्छ । फलस्वरुप विभिन्न योजनाहरू एवं कार्यक्रमहरू सहीरुपमा कार्यान्वयन नहुनु, लक्ष्य हासिल गर्न नसक्नु, आर्थिक कानुनको सीमा अतिक्रमण हुनु इत्यादि समस्या प्रशासन यन्त्रमा विद्यमान छन् । यसकारण विदेशी सहयोगको महत्वपूर्ण योगदान रहेका हाम्र ा योजनाहरूले आशातीन सफलता प्राप्त गर्न सकेका छैनन् ।

नेपाल अति संवेदनशील भौगोलिक स्थितिमा रहेको मुलुक हुनाले उत्तर र दक्षिणको सन्तुलन कायम गने ें चुनौती रहेको छ । यस समस्यालाई निम्न कुराले स्पष्ट गर्दछ । “चिनियाँहरूले तिब्बतको नजिक रहेको नेपालको सीमामा रोड निर्माण गर्न चाहन्छन् जहाँ तिब्बतका जस्ता नै जनता बसोबास गर्दछन्, जहाँबाट भारतको नजिक छिटो पुग्न सकियोस् र साथै श्रममूलक योजनाहरूको वकालत गर्दै उनीहरू आफ्नो श्रम शक्ति प्रयोग गर्न चाहन्छन् भने भारतीयहरू भारतको नजिक रहेका दक्षिणी भागमा रोडको सञ्जाल निर्माण गर्न चाहन्छन् जसले भारतलाई नेपालसँग जोड्न सकोस् । उनीहरू आफ्नो श्रम शिक्त प्रयोग गने

ʻ आयोजनाहरू उत्तरमा पनि संचालन गर्न चाहन्छन् ” । यसप्रकार दक्षिण र उत्तरको आपसी द्वन्द्व नेपालको वैदेशि सहयोग व्यवस्थापनको लागि ठूलो चुनौतीको रुपमा रहेको छ । कुनै एक र ाष्ट्रको सहयोग स्वीकार्दा अर्काको चित्त बुझाउनु पर्ने बाध्यात्मक अवस्थाले कहिलेकाँही सन्तुलन कायम गर्न नसक्दा सहयोग मात्र प्रभावित भएन बरु जटिल राजनीतिक अवस्था सृजना हुने अवस्था नेपालको छ । अन्य समस्याहरूमा सामाजिक आश्वस्तता नहुनु या अभाव हुनु अर्थात् सरकारले सञ्चालन गने ʻ आयोजनाहरूमा जनताले निर्धक्क विश्वास गर्ने तथा आश्वस्त हुने अवस्था छैन । जसले वैदेशिक सहयोग प्रभावित हुन्छ । जहाँ सरकारमा जनताले विश्वास गर्दैनन् त्यहाँ दाताहरू स्वयम् सक्रिय हुने प्रयत्न गर्दछन् । लेखा प्रणाली परम्परागत किसिमको छ । “वैदेशिक सहयोगमा सञ्चालन भएका योजनाहरूमा पनि दातृ स ंस्थालाई मान्य हुने अन्तर्राष्ट्रिय लेखाप्रणाली लागू गर्न सकिएको छैन” ।

**समस्या समाधानका उपाय**

वैदेशिक सहयोगको सार्थक उपयोग व्यवस्थापन तथा कार्यान्वयनमा सरकारको महत्वपूर्ण भूमिका हुन्छ । सर कार जति दरिलो हुन्छ, त्यत्तिकै परिणाममुखी उपयोग वैदेशिक सहयोगको गर्न सकिन्छ । वैदेशिक सहयोगका समस्याहरूको समाधान गर्न निम्न उपाय उपलब्धिमूलक हुन्छन् ।

- सवल र निःस्वार्थ राजनैतिक नेतृत्वको विकास गर्ने ।
- योजनाहरूमा जनचाहनालाई अधिकतम प्रतिविम्बित गर्ने ।
- विकेन्द्रीकरणलाई सही रुपमा प्रयोग गर्ने ।
- विदेशी सहयोगलाई आवश्यकतानुसार स्वीकार गर्ने ।
- सम्झौता तथा शर्तहरू जुन अनुदान दिने राष्ट्र या संस्थाले राख्दछन् त्यसलाई राष्ट्रिय हित अनुरुप मात्रै स्वीकार्ने ।
- प्रशासनको भूमिकालाई प्रभावकारी बनाउने जसको लागि प्रशासन यन्त्रलाई छिटो छरितो, दक्ष, इमान्दार तथा उत्तरदायी बनाउने,
- प्रणालीगत त्रुटिहरूलाई सुधार गर्दै लग्ने र दातृसंस्था वा राष्ट्रलाई चित्त बुझ्ने लेखा प्रणाली लागू गर्ने ।
- अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी गर्न संस्थागत विकास गर्ने ।

**निष्कर्ष**

वैदेशिक सहयोगको उपयोग गर्दा उत्पादकता तथा उपयोगिताहरूको आधारमा आवश्यकताहरूको सही प्र ाथमिकीकरण गरी विनियोजन गरिएको खण्डमा यसले राष्ट्रोत्थान गर्न महत्वपूर्ण भूमिका खेल्दछ । पूँजीको अभावले कतिपय प्राकृतिक सम्पदाको उपयोग नभएको र खेर गएको अवस्थामा वै देशिक सहायताले सम्पदाको सही उपयोगका साथै विकासोन्मुख राष्ट्रको ठूलो चुनौती बेरोजगार

ीको समस्याबाट पनि निजात पाउन राष्ट्रहरू सक्षम हुन्छन् । तर जुनसुकै किसिमको वैदेशिक सहयोगले विकासोन्मुख तथा कमजोर मुलुकहरू समस्यामा पर्दछन् । वैदेशिक अनावश्यक हस्तक्षेप हुन्छ । त्यसैले दाता राष्ट्रहरूको शर्तहरू हाम्रो स्थान अनुकूल छन् र आफ्नो प्राथमिकताहरू अनुरुपको सहयोग प्राप्त हुँदैछ भने वैदेशिक सहयोग स्वीकार गर्नुपर्छ । लोकतान्त्रिक गणतन्त्रलाई स्वीकार गरेको हाम्रो मुलुकले सैद्धान्तिक रुपले लोककल्याणकारी राज्यको कल्पना गरेको छ । जसको लागि राज्यसँग उपलब्ध श्रोतको तार्किक र उत्पादक उपयोग गर्नु अपरिहार्य छ । वैदेशिक सहयोग आवश्यक परे मात्र लिनुपर्दछ तर हाम्रो देशमा पूँजीको अभाव भएकोले यो हाम्रो बाध्यात्मक आवश्यकता हो । त्यसैले यसको प्रयोग गर्न कडा आर्थिक अनुशासनको आवश्यकता छ । वैदेशिक सहयोगद्वारा राष्ट्रलाई आत्मनिर्भर बनाउने आयोजनाहरूमा मात्र विनियोजन गर्नुपर्छ अर्थात सरकारले वैदेशिक सहयोगलाई उच्च प्राथमिकताका उत्पादनशील तथा दीगो विकासलाई टेवा पुऱ्याउने आयोजनाहरूको छनोट गरी खर्च गर्नुपर्दछ । यसप्रकार वै देशिक सहयोगले सतर्कतापूर्वक, आर्थिक अनुशासनको पालना गरी, उच्च प्राथमिकताका आयोजनाहरूमा विनियोजन गरी राष्ट्रोत्थानमा महत्वपूर्ण भूमिका खेल्दछ ।

**सन्दर्भ सूची**

१. अधिकारी, ध्रुव (वि.सं. २०५०) विकास प्रशासन, प्रतिबोध प्रिन्टिङ प्रेस, काठमाडौँ ।
२. Mc Neill, D (1981 AD) the contradiction of foreign aid, Croom Helen, London.
३. शर्मा, धनञ्जय (वि.सं. २०६३) नेपालको न्यून वित्त परिचालन, मिर्मिरे, नेपाल राष्ट्र बैंक
४. आठौं योजना (२०४९-०५४) योजना आयोग, काठमाडौँ
५. हिमकर, हेमराज (वि.सं. २०५५) योजनाहरूको झलक, मकालु बुक्स एण्ड स्टेशनर्स, काठमाडौँ
६. साउद, खगेन्द्र (सन् २०१९।८।८) वैदेशिक सहायताका समस्या र अन्तर्राष्ट्रिय सहयोग (https/www.prasashan.com)
७. सिटौला, अनुज (वि.सं. २०७६) काठमाडौँ, आवधिक योजनाहरूको सारांश र समीक्षा, नेपाल बुक हाउस